# आफ्नो *Duo* मोबाईल *app* लाई मार्च ३१ तारिख भित्रमा अपडेट गर्नुहोला

*UW–Madison* का सबै विद्यार्थीहरू तथा कर्मचारीहरूले आफ्नो *Duo* मोबाईल *app* मार्च ३१ तारिख भित्रमा अपडेट गर्नुपर्ने छ। तपाईंको ईमेल, *Canvas* पाठ्यक्रम, *Zoom* बैठक, समय, तलब र थप कुरा समावेश हुने *UW–Madison* का अत्यावश्यक प्रणालीहरू कायम राख्न आफ्नो मोबाईल *app* आज अपडेट गर्नुहोला।

**के हुँदैछ:** सुरक्षा बढाउनका लागि, *Duo Security* ले आफ्ना पुराना संस्करणका *app* हरूलाई समर्थन गर्न छोड्नेछ। मार्च ३१, २०२६ पछि, *app* का पुराना संस्करणहरू *NetID multifactor* पुष्टीकरणका लागि काम गर्न छाड्नेछन्।

## आफ्नो *Duo Mobile app* अपडेट गर्नुहोला

१. ***App Store*** खोल्नुहोस् (*iPhone* वा *iPad* मा) अथवा ***Play Store*** (*Android* मा)
२. "***Duo Mobile***" खोज्नुहोस्
३. *Duo Mobile* को छेउमा रहेको ***Update*** मा थिच्नुहोस्
४. अपडेट डाउनलोड भएर *install* हुन दिन पर्खनुहोस्
५. काम गर्छ कि गर्दैन जाँच्न *app* खोल्नुहोस्

*iOS* र *iPadOS* को लागि *Duo Mobile* डाउनलोड गर्नुहोस्

*Android* को लागि *Duo Mobile* डाउनलोड गर्नुहोस्

## यदि तपाईंले *app* अपडेट गर्न सक्नुभएन भने

तपाईंको फोनको सफ्टवेयर धैरै पुरानो हुन सक्छ। *Duo Mobile* मोबाईल *app* को लागि यी कुराहरू आवश्यक हुन्छन्:

- ***iPhone* र *iPad*:** *iOS* 16 वा नयाँ
- ***Android*:** *Android* 12 वा नयाँ

आफ्नो सफ्टवेयरको संस्करण कसरी जाँच्ने:

- ***iPhone***: ***Settings*** मा जानुभएर, ***General***, ***About***, अनि ***iOS Version*** मा थिच्नुहोस्
- ***Android***: ***Settings*** मा जानुभएर, ***About Phone***, अनि ***Android Version*** मा थिच्नुहोस्

## यदि तपाईंको फोन अपडेट गर्नको लागि धेरै पुरानो छ भने

तपाईसँग तीनवटा चयनहरू छन्:

१. माथिका आवश्यकता पूरा गर्ने **बेग्लै फोन वा ट्याब चलाउनुहोस्**
२. मार्च ३१ तारिख अघि **ब्याकअप *passcode* हरू बनाउनुहोस्** (ब्याकअप *passcode* हरू बनाउने निर्देशनहरू)
३. आफ्नो मानव संसाधन कार्यालय, *IT* विभाग वा *DoIT Help Desk* सँग ***Duo* को चाबीमा झुण्ड्याउने *fob* माग्नुहोस्**

## कसरी सहयोग पाउने

*DoIT Help Desk* लाई सम्पर्क गर्नुहोस्:

- help@doit.wisc.edu मा ईमेल पठाउनुहोस्
- 608-264-4357 मा फोन गर्नुहोस्

सांस्कृतिक भाषागत सेवा मार्फत स्पैनिश, मङ तिब्बती, चिनियाँ वा नेपाली भाषामा अनुवादन सेवा अनुरोध गर्नुहोस्:

- nepali-cls@wisc.edu मा ईमेल पठाउनुहोस्
- 608-262-7521 मा फोन गर्नुहोस्

## धेरै सोधिएका प्रश्नहरू

**मैले अपडेट गरिँन भने के हुन्छ ?** मार्च ३१ तारिख पछि, तपाईंले *Duo Mobile app* मार्फत *multifactor* पुष्टीकरण चाहिने विश्वविद्यालयको प्रणालीहरूमा लग ईन गर्न नसक्नुहुन सक्छ। तपाईंले ब्याकअप *passcode* हरू वा *Duo* को चाबीमा झुण्ड्याउने *fob* चलाउनुपर्ने हुनसक्छ।

**मैले मेरो *app* को संस्करण कसरी हेर्न सक्छु ?**

१. आफ्नो मोबाईलमा *Duo Mobile app* खोल्नुहोस्
२. माथिल्लो देब्रे कुनामा रहेको मेनुको चिन्ह (तीनवटा तेर्सो धर्काहरू) मा थिच्नुहोस्
३. *App* को संस्करण नम्बर तल्लो देब्रे कुनामा देखिन्छ
४. यदि त्यहाँ 4.85.0 भन्दा पुरानो संस्करण देखिन्छ भने, अब अपडेट गर्नुहोस्

**नोट:** संस्करण नम्बरहरू अचम्मका हुन सक्छन्। उदाहरणको लागि संस्करण 4.104.0 संस्करण 4.85.0 भन्दा नयाँ हुन्छ, अगाडिको अङ्क उस्तै देखिए पनि।

**के मैले मेरो हालको फोन चलाई राख्न पाउँछु ?** *Duo Mobile app* को आवश्यकता पूरा गर्न सकुञ्जेल तपाईंले आफ्नो फोन चलाउन सक्नुहुन्छ।

**मैले *app* अपडेट गरेपछि के गर्नुपर्दछ ?** केही पनि पर्दैन। तपाईं तयार हुनुहुन्छ।




मार्च ३१, २०२६ पछि काम गर्नको लागि तपाईंको *Duo Mobile app* को संस्करण 4.85.0 भन्दा बढी हुनुपर्दछ।